आज मिति २०८१ साल असार ०५ गते बुधबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ३१ (एकतीसौं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

**उपस्थिति**

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. प्रमुख प्रशासकीय अधिकृत: श्री शेष कान्त पौडेल

४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

१०. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

११. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

१२. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१३. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१४. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१५. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१६. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१७. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१८. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१९. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

२०. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२१. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२२. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।

२. अनुगमन समितिको प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।

३. आर्थिक वर्ष २०८०/०८१ को लागि दोश्रो नगर सभाको तेश्रो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) को भुक्तानी सम्बन्धमा।

४. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।

२. दोश्रो नगर सभाको पाँचौ अधिवेशन (बजेट अधिवेशन) को मिति तथा समय तोक्ने सम्बन्धमा।

३. पालिकास्तरीय खानेपानी तथा सरसफाई योजना WASH PLAN स्वीकृत गर्ने सम्बन्धमा।

४. दाप्चा पर्यटकीय तथा साँस्कृतिक बस्ती क्षेत्र मापदण्ड, २०८१ स्वीकृत गर्ने सम्बन्धमा।

५. स्थानीय राजश्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा।

६. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिवेदन सम्बन्धमा।

७. बजेट निर्माण तथा कार्यान्वयन मार्गदर्शन स्वीकृत गर्ने सम्बन्धमा।

८. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौं अधिवेशन (बजेट अधिवेशन) को पहिलो र दोश्रो बैठकमा पेश गर्ने प्रस्तावहरु सम्बन्धमा।

९. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो र कार्यान्वयन हुन बाँकी निर्णय कार्यान्वयन गर्दै अगाडी बढाउने निर्णय गरियो।

निर्णय नम्बर २:

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौ अधिवेशन (बजेट अधिवेशन) को पहिलो बैठक मिति २०८१ असार ०७ गते विहानको ठिक ११:०० बजे, दोश्रो बैठक मिति २०८१ असार १० गते विहानको ठिक ११:०० बजे र तेश्रो बैठक मिति २०८१ असार २५ गते विहानको ठिक ११:०० बजे नगरपालिकाको सभाहल, भकुण्डेबेशीमा गर्ने।

**निर्णय नम्बर ३:**

नमोबुद्ध नगरपालिकाको आर्थिक सहयोग तथा श्री सिटिजन डेभलपमेन्ट सोलुसन प्रा.लि.को प्राविधिक सहयोगमा निर्माण गरिएको नमोबुद्ध नगरपालिकाको पालिकास्तरीय खानेपानी तथा सरसफाई योजना WASH PLAN स्वीकृत स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नम्बर ४:**

यस नमोबुद्ध नगरपालिकाको वडा नम्बर ०९ स्थित धार्मिक, ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक, वातावरणीय तथा प्राचीन महत्व बोकेको नासपातीबोट देखि कोटकालिकासम्म (दाप्चा बजार) लाई मिति २०८१/०२/२२ गते नगर कार्यपालिका बैठकको निर्णयानुसार साँस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गरिएको सन्दर्भमा सो क्षेत्रको बस्ती संरक्षण तथा विकासलाई लक्षित गरी तयार गरिएको दाप्चा पर्यटकीय तथा संस्कृतिक बस्ती क्षेत्र संरक्षण मापदण्ड, २०८१ स्वीकृत गरी कार्यान्वयन गर्ने।

**निर्णय नम्बर ५:**

नमोबुद्ध नगरपालिकाको नगर उप-प्रमुख श्रीमान् रत्न बहादुर लामाज्यूको संयोजकत्वमा विभिन्न मितिमा बसेको स्थानीय राजश्व परामर्श समितिको बैठकले पेश गरेको आर्थिक विधेयक, २०८१ सो सँग संलग्न अनुसूचीहरु र आर्थिक वर्ष २०८१/०८२ को लागि प्रक्षेपण गरिएको वार्षिक अनुमानित राजश्वको प्रतिवेदन माथि छलफल गरी स्वीकृत गर्ने।

**निर्णय नम्बर ६:**

नमोबुद्ध नगरपालिकाको नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको संयोजकत्वमा विभिन्न मितिमा बसेको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकले पेश गरेको आर्थिक वर्ष २०८१/०८२ को अनुमानित आय, अनुमानित व्यय, विनियोजन विधेयक, २०८१ सो सँग सम्बन्धित अनुसूचीहरु, बजेट सिलिंगङ्ग लगायत उल्लेख भएको प्रतिवेदन माथि छलफल गरी स्वीकृत गर्ने।

**निर्णय नम्बर ७:**

नमोबुद्ध नगरपालिकाको नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको संयोजकत्वमा बसेको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले पेश गरेको देहाय बमोजिमको बजेट निर्माण तथा कार्यान्वयन मार्गदर्शन स्वीकृत गर्ने।

देहायः

क. <u>योजना छनोट र प्राथमिकता सम्बन्धी आधारहरुः</u>

१. नेपालको संविधान।

२. दिगो विकास लक्ष्य।

३. नमोबुद्ध नगरपालिकाको आवधिक योजना, स्थानीय जलवायु अनुकुलन कार्ययोजना।

४. १६ औं पञ्चवर्षिय योजना।

५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४।

६. नेपाल सरकारको आ.व. २०८१/०८२ को बजेटको उद्देश्य र प्राथमिकता।

७. बागमती प्रदेश सरकारको आ.व. २०८१/०८२ को बजेटको उद्देश्य र प्राथमिकता।

८. स्थानीय माग र आवश्यकता।

९. ठुला र गौरवका आयोजनाहरु।

१०. अधुरा र पुरा गर्नैपर्ने जनमुखी आयोजनाहरु।

११. उत्पादन बृद्दी र रोजगार प्रवर्धन गर्ने खालका आयोजनाहरु।

१२. दिगो प्रतिफल दिने, टिकाउ र धेरै जनसंख्या लाभान्वित हुने कार्यक्रम तथा आयोजनाहरु।

ख. <u>वडा स्तरीय बजेट निर्माणको मार्गदर्शनः</u>

१. श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले तोकेको वडागत बजेट सिलिङको सिमा भित्र रही बजेट निर्माण गर्नुपर्नेछ।

२. वडागत रुपमा छनोट गरिएका योजना तथा कार्यक्रम मध्ये कम्तिमा एउटा योजना तथा कार्यक्रम महिला, बालबालिका, दलित, अपाङ्ग, अशक्त, जेष्ठ नागरिक लगायतका लक्षित वर्ग विशेष कार्यक्रम हुनुपर्नेछ।

३. अधुरा योजनाहरुलाई प्राथमिकता दिनुपर्नेछ।

४. आयोजना छनोट गर्दा नगरपालिकाको आवधिक योजनामा रहको वडास्तरीय आयोजना बैंकबाट योजना छनोट गर्नुपर्नेछ।

५. वडागत रुपमा छनोट गरिएका योजनाहरु मध्ये कम्तिमा एउटा योजना वडास्तरीय गौरवको आयोजना मानि रकम रु. ८ लाख भन्दा बढीको हुनुपर्नेछ।

६. वडा स्तरीय बजेट तर्जुमा गरी वडा समितिको बैठकको अनुमोदन गरिएको निर्णय सहित यथाशिघ्र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सचिवलयमा पेश गरिसक्नुपर्नेछ।

७. यो मार्गदर्शन मध्यमकालीन खर्च संरचना आ.व. २०८१/०८२- २०८३/०८४ मा समेत लागु हुनेछ।

ग. <u>विषयगत बजेट निर्माण मार्गदर्शनः</u>

१. बढि प्रतिफल दिने र विषयको उद्देश्य पुरा गर्ने खालका कार्यक्रम छनोट गर्नुपर्ने।

२. सामुहिक लाभ हुने खालका कार्यक्रम छनोट गर्नुपर्ने।

३. सकेसम्म वितरणमूखी कार्यक्रम छनोट नगर्ने र गर्नैपर्ने भनी विषयगत समितिबाट सहमतीमा उत्पादनमुखी मोडेलको गर्नुपर्ने।
४. चालु प्रकृतिको खर्च कम हुनेखालको आयोजना छनोट गर्नुपर्ने।
५. आयोजना छनोट गर्दा नगरपालिकाको आवधिक योजनामा रहको सोच, लक्ष्य, उदेश्य, रणनीति अनुसारको आयोजना/कार्यक्रम छनोट गर्नुपर्नेछ।

**निर्णय नम्बर ८:**

नमोबुद्ध नगरपलिकाको दोश्रो नगर सभाको पाँचौं अधिवेशन (बजेट अधिवेशन) को पहिलो र दोश्रो बैठकमा पेश गर्ने प्रस्तावहरुः

१. लोकतन्त्र र प्रजातन्त्र प्रासिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्ने।
२. नमोबुद्ध नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम स्वीकृत गरी नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूबाट दोश्रो नगर सभाको पाँचौं अधिवेशनको पहिलो बैठकमा छलफल सहित स्वीकृतका लागि पेश गर्ने।
३. नमोबुद्ध नगरपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को हाल सम्मको वित्तीय प्रगति प्रतिवेदन स्वीकृत गरी प्रमुख प्रशासकीय अधिकृत श्री शेष कान्त पौडेलज्यूबाट दोश्रो नगर सभाको पाँचौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।
४. नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको आर्थिक विधेयक,२०८१ स्वीकृत गरी सार्वजनिक लेखा समितिका संयोजक तथा वडा अध्यक्ष श्री कृष्ण बहादुर तामाङज्यूबाट दोश्रो नगर सभाको पाँचौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।
५. नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बनेको विनियोजन विधेयक,२०८१ स्वीकृत गरी विद्यायन समितिका संयोजक तथा वडा अध्यक्ष श्री टिका बहादुर के.सी.ज्यूबाट दोश्रो नगर सभाको पाँचौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।
६. नमोबुद्ध नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम (बजेट वक्तव्य) स्वीकृत गरी नगर उप-प्रमुख श्री रत्न बहादुर लामाज्यूबाट दोश्रो नगर सभाको पाँचौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।
७. नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको मिति २०८० पौष २६ गते देखि २०८० असार १० गते सम्मको बैठकबाट भएका निर्णयहरु, न्यायिक समितिका निर्णयहरु एवं आर्थिक तथा प्रशासनिक निर्णयहरु अनुमोदनको लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

८. नमोबुद्ध नगरपालिकाका नगर उप-प्रमुख तथा न्यायिक समितिका संयोजक श्री रत्न बहादुर लामाज्यूलाई न्यायिक समितिको प्रतिवेदन छलफलका लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

९. दोश्रो नगर सभाको पाँचौं अधिवेशन (बजेट अधिवेशन) को दोश्रो बैठक मिति २०८१ असार १० गते सोमबार ११:०० बजे र तेश्रो बैठक मिति २०८१ असार २५ गते मंगलबार ११:०० बजे गर्ने।